# बाँस/वेत विषयको पाठ्यक्रम
## (BAMBOO/CANE WORK)

(कक्षा ५ उत्तीर्ण भएका प्रशिक्षार्थीहरूको लागि)

नेपाल सरकार
श्रम तथा यातायात व्यवस्था मन्त्रालय
**व्यावसायिक तथा सीप विकास तालिम निर्देशनालय**
**सैंबु, भैंसेपाटी, ललितपुर**
फोन नं. ५५९०२५४, ५५९०८००
फ्याक्स नं. ५५९०८९४
ई–मेल : vsdtcbhainsepati@yahoo.com
आ.व.०७२।७३

# विषय सूची


| क्र.सं. | विषय | पाना नं. |
|---|---|---|
| १. | पाठ्यक्रम तथा नर्म्स निर्माण उपसमिति | १ |
| २. | मौलिक उद्देश्य र लक्ष्य | २ |
| ३. | पाठ्यांश विवरण | ३ |
| ४. | उद्देश्यहरू | ४ |
| ५. | पाठ्यांशको क्रमबद्धता र समयावधि (सैद्धान्तिक र प्रयोगात्मक) | ५ |
| ६. | प्रोजेक्ट केन्द्रीय पाठ्यांश | ६ |
| ७. | रोजगारमूलक सीप मोडेल | ७ |
| ८. | प्रोजेक्ट | ८ |
| ९. | मूल्याङ्कन योजना | ९ |
| १०. | प्रशिक्षण र सिकाईका लागि मार्गदर्शनहरू | १० |
| ११. | संक्षिप्त विवरण | ११ |
| १२. | बाँस/वेत विषयको लागि रोजगारमूलक सीप चार्ट | १२ |
| १३. | कार्य तथा उपकार्यहरू | १४ |
| १४. | मेशिन, औजार तथा सरसामानको मापदण्ड (नर्म्स) | ३५ |
| १५. | सहयोगी पुस्तकहरू | ३७ |

# पाठ्यक्रम तथा नर्म्स निर्माण उप-समिति

| क्र.सं. | नाम | दर्जा | कार्यालय |
| --- | --- | --- | --- |
| १. | संयोजक श्री तेजराज शर्मा | निर्देशक | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र |
| २. | सदस्य श्री रामकुमार राई | विषय विज्ञ | |
| ३. | सदस्य श्री रामचन्द्र दुवाडी | प्रशिक्षक | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र |
| ४. | सदस्य सचिव श्री रमा उपाध्याय | प्रशिक्षक (शा.अ.स्तर) | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र |
| ५. | सहायक श्री इन्द्रा कुमारी स्वाँर | ना.सु. | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र |
| ६. | सहायक श्री सुबन दवाडी | क.अपरेटर | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र |

# मौलिक उद्देश्य

मानव जीवनको प्रारम्भदेखि नै बाँस/वेत अभिन्न अंगको रूपमा प्रयोग हुँदै आएको तथ्य धर्मग्रन्थ एवं सामाजिक पराम्पराहरूबाट खुल्न आउँछ । हाम्रो संस्कारअनुसार शुभ एवं अशुभ कार्य दुवै प्रयोजनका निम्ति यसको प्रयोग अनिवार्य ठानिन्छ । सजिलै नेपालको भूभागमा पाइने र सोझो, सजिलै बङ्गचाउन, बुट्टा निकाल्न सकिने, सामान्य ज्यावल प्रयोग गरेर पनि कार्य उपयोगमा ल्याउन सकिने भएकाले प्राचीन समयदेखि नै यसको लोकप्रियता बढेको हुन सक्तछ । बाँस/बेत सम्बन्धी सीप आधुनिक घरसजावटदेखि लिएर होटल, बगैंचा, भान्साघरजस्ता स्थलहरूको प्रयोग र आकर्षण वढाउन निकै उपयोगी सावित हुन सक्छन् । बर्सेनी नेपाल भ्रमणमा आउने पर्यटकहरूलाई यसबाट बनेका आकर्षक सामानहरूका माध्यमबाट प्रभावित गर्न सकिएका खण्डमा रोजगारको अभिवृद्धिका साथै आयआर्जनमा समेत सघाउ पुग्दछ । यस सम्बन्धी सीप विकासका लागि स्थानिय स्तरमा छरिएर रहेका परम्परागत अनुभवलाई संगठित बनाएर त्यसैमा केही परिमार्जित गर्दा नै पर्याप्त हुने सम्भावना देखिन्छ । अत: वर्तमान सन्दर्भमा मुलुकमा बढ्दै गइरहेको बेरोजगारको समस्यामा कमी ल्याउन प्राथमिक शिक्षासम्म अध्ययन गरेका युवायुवतीहरूलाई सीप आर्जनको यस उपयोग कार्यमा सरिक गराई लोप हुन लागेका परम्परागत सीपको संरक्षण एवं आधुनिक युग सुहाउंदो सीप प्रदान गर्ने तथा समयानुकूल पाठ्यक्रम निर्माण गर्ने उद्देश्यले व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, भैंसेपाटी, ललितपुरद्वारा यो बाँस/वेत सीप सम्बन्धी विषयको पाठ्यक्रम निर्माण गरिएको हो ।

## लक्ष्य

यस पाठ्यांशको सामान्य लक्ष प्रशिक्षार्थीहरूमा अर्धदक्ष स्तरको स्थानिय स्तरमा नै रोजगार पाउनको लागि आवश्यक सीप तथा ज्ञान प्रदान गर्नु हो । आदर्श सामाजिक जीवनयापनका निम्ति उपयुक्त रोजगारले व्यक्तिको जीवनशैली मर्यादित, अनुशासित र अनुकरणीय हुने भएकोले यस विषयमा संलग्न गैर नेपाली कामदारहरूलाई प्रतिस्थापन गर्ने दिशामा समेत टेवा पुग्ने विश्वास लिन सकिन्छ । यस पाठ्यांशअनुसार तालिम पूरा गरेका प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्:

१. नेपालमा प्रचलित बाँस वेतको परिचय र महत्व बताउन ।

२. बाँसवेत सम्बन्धी कार्यगर्दा अपनाउनु पर्ने व्यक्तिगत, कार्यशाला र ज्यावल सम्बन्धी सुरक्षा नियमहरू पालन गर्न र प्राथमिक उपचार गर्न ।

३. यस कार्यमा उपयोग हुने विभिन्न ज्यावलहरू तथा उपकरणहरूको सही प्रयोग गर्न र तिनलाई आवश्यकताअनुसार मर्मत सम्भार गरी सुरक्षित एवं उचित स्थितिमा राख्न ।

४. बनाइने कार्यवस्तुको प्रकृतिअनुसार विभिन्न किसिमका बाँस/वेत र अन्य कच्चा पदार्थको छनौट गरी तिनलाई उपयुक्त नापो र चिनोअनुसार टुक्रचाई बोक्रा खुर्केर चोया एवं सिन्का बनाउन ।

५. विभिन्न किसिमका जोर्नीहरूलाई आवश्यकतानुसार प्रयोग गर्न ।

६. अङ्क गणितीय हिसाबको ज्ञानका माध्यमबाट कार्यवस्तुको क्षेत्रफल ठीक तरिकाले निकाल्न ।

७. बाँस र वेतका विभिन्न ढांचाका घरायसी, सजावट तथा फर्निचर सम्बन्धी सामग्री बनाउन ।

८. बाँसबेतका सामान आवश्यकतानुसार टाँसी रङ्गरोगन गर्न ।

९. बाँसबेतका चोयाहरूबाट विभिन्न ढांचाका बुनाइ बुन्न र तिनलाई उपयुक्त ठाउंमा प्रयोग गर्न ।

१०. चोयाबाट निर्देशानुसारका थरि थरिका उपयोगी सामान बनाउन ।

११. तयारी वस्तुहरूलाई सफा गरी वार्निस लगाउन ।

१२. तयार पारिसकेको कार्यवस्तुको खर्च, आम्दानी र मुनाफाको हिसाब गरी मूल्य निर्धारण गर्न ।

# पाठ्यांश विवरण

१. व्यावसायिक तथा सीप विकास तालिम केन्द्रको बाँस/बेत पाठ्यांश अर्धदक्ष जनशक्ति उत्पादन गर्नको लागि निर्माण गरिएको हो । यो पाठ्यांश व्यावहारिक सीप र ज्ञानमा केन्द्रित रहेको छ ।

२. यस पाठ्यांशमा कूल ३९० पाठ्यघण्टा समावेश गरिएको छ (लगभग ३ महिना) । ७५ प्रतिशत पाठ्यभार प्रयोगात्मक विषयमा २९३ घण्टा र २५ प्रतिशत पाठ्यभार सैद्धान्तिक विषयमा ९७ घण्टा पर्छ । जसमा औषत दैनिक ४ घण्टा प्रयोगात्मक कार्य र १ घण्टा सैद्धान्तिक विषय पर्न आउँछ ।


३. यस पाठ्यांशको निर्माण मुख्यतया बाँस/वेतका सामानहरूको निर्माणमा प्रयोग हुने आकर्षक बुनाइ बुन्न, औजारहरूको साधारण मर्मत गर्न, तयारी वस्तुहरूमा उपयुक्त पूर्णहुति (Finishing) दिन र रंगरोगन गर्नको लागि आवश्यक पर्ने व्यावहारिक सीप तथा सैद्धान्तिक ज्ञान एवं बजारको माग अनुकूल स्तरीय कार्यको आधारमा गरिएको छ ।

४. पाठ्यांशको मूख्य केन्द्रविन्दु प्रयोगात्मक सीप विकासलाई बनाइएको छ । सीपको विकास पाठ्यांशको प्रत्येक एकाई अनुसार गरिएको छ र अभ्यास कार्य, समस्यामूलक एकाइ तालिम अवधिमै संयुक्त रूपमा गराउने व्यवस्था छ ।

५. यस पाठ्यांशको लागि भर्ना योग्यता ५ कक्षा उत्तीर्ण गरेको हुनुपर्छ ।

## उद्देश्यहरू

यस पाठ्यक्रममा समावेश भएको उद्देश्यहरू प्रशिक्षार्थीको कार्यमूलक कामको आधारमा गरिएका छन् । प्रशिक्षण पूरा भएपछि र प्रोजेक्ट समाप्त भएपछि प्रशिक्षार्थीले के गर्न सक्षम हुनुपर्छ वा के थाहा पाउन सक्नु पर्छ भन्ने कुरा उद्देश्यहरूले बताउँछन् । उद्देश्यहरूले नै प्रशिक्षार्थीलाई सैद्धान्तिक र प्रयोगात्मक विषय तयार गर्न मार्ग दर्शन दिन्छन् । कार्य, उद्देश्यहरूले प्रशिक्षण र मूल्यांकनलाई संयुक्त रूपले व्यावसायिक शिक्षाको शिक्षण सिकाइ प्रक्रियामा प्रभावकारिता ल्याउँछ ।





उद्देश्यहरू मूल्यांकनको सिद्धान्तको रूपमा प्रयोग गरी यसले प्रशिक्षार्थीलाई प्रशिक्षकले आवश्यक पर्ने ज्ञान र सीप कतिको राम्ररी प्रदान गरियो भन्ने थाहा पाउन उपयुक्त अवसर मिल्दछ । उद्देश्यहरू नै पाठ्यक्रमको मुटु हो ।

## पाठ्यांशको क्रमवद्धता र समयावधि (सैद्धान्तिक र प्रयोगात्मक)

| क्र.सं. | विषय | सैद्धान्तिक | प्रयोगात्मक | समय (घण्टा) |
|---|---|---|---|---|
| १. | सूचनाको हक सम्बन्धी जानकारी | १ | – | १ |
| २. | बाँस | ५ | – | ५ |
| ३. | वेत | ३ | – | ३ |
| ४. | सुरक्षा | ३ | – | ३ |
| ५. | ज्यावलहरू | ६ | ५ | ११ |
| ६. | मौसमी | २ | १० | १२ |
| ७. | कच्चा पदार्थको भण्डारण | ३ | ५ | ८ |
| ८. | आधारभूत कार्य | ५ | २० | २५ |
| ९. | फ्रेम बनाउने | ५ | २० | ३० |
| १०. | जोर्नीहरू | ३ | १३ | १६ |
| ११. | नक्सा | ५ | १० | १५ |
| १२. | घरायसी सामानहरू | ६ | १४ | २० |
| १३. | बुनाइ | ८ | २० | २६ |
| १४. | सजावटका सामानहरू | ७ | ४० | ४७ |
| १५. | आधुनिक फर्निचरका सामानहरू | ७ | ४० | ४७ |
| १६. | फिनिसिङ्ग | ५ | १५ | २० |
| १७. | पोलिसिङ्ग | ५ | १३ | १८ |
| १८. | इनामेलिङ्ग | ५ | १० | १५ |
| १९. | सुकाउने | १ | ४ | ५ |
| २०. | सामान्य गणितीय ज्ञान र अनुमानित लागत तरिका | १० | २० | ३० |
| २१. | तयारी सामानको भण्डारण | २ | ४ | ६ |
| २२. | प्रोजेक्ट कार्य | – | ३० | ३० |
| | जम्मा: | ९७ | २९३ | ३९० |

# <u>प्रोजेक्ट केन्द्रीय पाठ्यांश</u>

चित्र नं. १





सीप स्तर
सी = सीप
ज्ञा = ज्ञान

व्यावसायिक तथा सीप विकास तालिम निर्देशनालयका पाठ्यांशहरू प्रोजेक्टमा केन्द्रित छन् । प्रोजेक्टहरूको छनौट र क्रमवद्धता रोजगारको प्रवेशमा आवश्यक कार्य स्तरको ज्ञान र सीपको आधारमा निर्धारण गरिएको छ ।

चित्र नं. १ ले व्यावसायिक तथा सीप विकास तालिम निर्देशनालयका धेरैजसो पाठ्यांशरूमा करिब २५ प्रतिशत सैद्धान्तिक र ७५ प्रतिशत प्रयोगात्मक विषय पाठ्यभार रहेको देखाउँछ । मूख्य रूपमा चित्रले प्रोजेक्टको केन्द्रीय स्वरूपमा ज्ञान र सीपको आवश्यकता बारे प्रकाश पार्छ । व्यावसायिक तथा सीप विकास तालिमका प्रशिक्षकहरूले तालिम अवधिभर ज्ञान र सीपको विकासमा समन्वय ल्याई प्रोजेक्टमा क्रमवद्धता मिलाउनु पर्दछ । सैद्धान्तिक विषय र सीप त्यस बेलामा सिकाउनु पर्दछ, जुन बेला उक्त विषयमा सीप हासिल गरी प्रशिक्षार्थीहरूले आफ्नो प्रोजेक्ट समाप्त गर्न सक्षम हुन्छन् । यो नै सबैभन्दा प्रभावकारी विधि हो र यसले साधारणतया छिटो र प्रभावकारी शिक्षण प्रदान गर्दछ । जसबाट –

१. प्रशिक्षार्थीले ज्ञान र सीपको महत्व पत्ता लगाउँछ । (प्रेरणा जागृत हुनु)
२. सैद्धान्तिक पाठ र प्रदर्शन पाठमा सम्मिलित हुन्छ । (सिक्दछ)
३. प्रोजेक्टमा नयाँ शिक्षण विधि तुरून्त अपनाउँछ । (अभिप्रेरित हुनु)

# रोजगारमूलक सीप मोडेल




चित्र नं. २

# प्रोजेक्ट

प्रशिक्षार्थीहरूको सीप विकास गर्न सरलबाट जटिल कार्यहरू पाठ्यांशको विकासअनुसार निम्न प्रोजेक्टहरू छनौट गरी क्रमबद्ध रूपमा राखिएका छन् ।

| क्र.सं. | आधारभूत कार्यहरू | समय (घण्टा) |
|---|---|---|
| १. | फ्रेम | २० |
| २. | चुरादानी | १० |
| | जम्मा: | ३० घण्टा |

# मूल्याङ्कन योजना

बाँस/बेत पाठ्यांशका प्रशिक्षार्थीहरूको निम्न योजना बमोजिम मूल्याङ्कन गरिन्छ ।

१. क. प्रयोगात्मक भार ७५ प्रतिशत

ख. सैद्धान्तिक भार २५ प्रतिशत

२. प्रयोगात्मक मूल्याङ्कन :

क. प्रत्येक प्रशिक्षार्थीले मूल्याङ्कनको लागि पाठ्यांशको प्रोजेक्टहरू सम्पादन गर्नुपर्दछ ।

ख. पाठ्यांश अवधिभर कम्तीमा दुई पटक प्रयोगात्मक मूल्याङ्कन हुनेछ ।

ग. प्रयोगात्मक मूल्याङ्कनमा निम्न लिखित कुराहरू समावेश हुनेछन् ।

अ. प्रोजेक्टको कार्य वस्तु

आ. प्रशिक्षार्थीहरूको कार्य, सीप र स्तर

इ. कार्यशाला र व्यक्तिगत सुरक्षा

३. सैद्धान्तिक मूल्याङ्कन :

पाठ्यांश अवधिभर मूल्याङ्कन गर्न कम्तीमा २ पटक लिखित परीक्षा लिइनेछ । लिखित परीक्षामा सामान्यतया वस्तुगत प्रश्नहरू (Objective Questions) समावेश हुनेछन् ।

# प्रशिक्षण र सिकाइको लागि मार्ग दर्शनहरू

व्यावसायिक तथा सीप विकास तालिम केन्द्रका प्रशिक्षार्थीहरूको सफलताको लागि आवश्यक प्रमुख प्रशिक्षण र सिकाइका सिद्धान्तहरू:

१. प्रदर्शन सामूहिक प्रशिक्षणको प्रारम्भिक विधि हो ।

२. कोचिङ्ग व्यक्तिगत प्रशिक्षार्थी प्रशिक्षणको प्रारम्भिक विधि हो ।

३. धेरै जसो सैद्धान्तिक विषय योजनावद्ध र समयानुकूल "छोटो वा उदाहरणयुक्त छलफल" माध्यमद्वारा सिकाइन्छ ।

४. आवश्यकता भए अनुसार दृश्य शैक्षिक सामग्रीहरू प्रयोग गर्नु पर्छ । (मोडेल, नमूना, चित्र चार्ट, रेखा, चित्र इत्यादि)

५. शिक्षण कार्य योजना अध्यापन गर्नुभन्दा पहिले नै तयार गर्नु पर्छ ।

६. पाठ्यांशमा शुरूमा नै प्रशिक्षार्थी मूल्याङ्कन योजना प्रशिक्षार्थी समक्ष प्रस्तुत गर्नु पर्छ ।

७. पाठयोजना सैद्धान्तिक र प्रयोगात्मक दुवै विषयमा तयार पार्नु पर्दछ ।

८. राम्रो सिकाइ र लेखाइको लागि प्रशिक्षण लेख तयार पार्नुपर्छ र तिनीहरू प्रशिक्षार्थीहरूलाई ह्याण्ड आउटको रूपमा वितरण गर्नुपर्छ ।

९. कोचिङ्ग व्यक्तिगत प्रशिक्षार्थीको आवश्यकता अनुसार हुनुपर्छ र यो पहिले विषय वा प्रदर्शनलाई पुन: दोहऱ्याउने किसिमको हुनुहुँदैन ।

१०. प्रशिक्षकले राम्रो भावना र सुरक्षा जगाउनुको साथै सीप र ज्ञान प्रदान गर्नुपर्छ ।

११. शिक्षण वातावरण प्रशिक्षार्थीहरूले आफ्नो शिक्षण सिकाइ कार्यमा चाख लिएर भाग लिनेतर्फ उन्मुख हुनु पर्छ । उचित वातावरणको सृजना नै प्रशिक्षकहरूको मूख्य ध्येय हुनुपर्छ ।

१२. नकारात्मक प्रविधि जस्तै पक्षपात, अलमल्ल, आक्षेप (निन्दापूर्ण कुरा) इत्यादिलाई सकभर उत्प्रेरित गरी हटाउनु पर्छ ।

१३. तालिम अवधिभर प्रशिक्षार्थीलाई तालिप्रति रूचि तथा आदर जगाउनु पर्छ ।

# संक्षिप्त विवरण

बाँस/वेत (संशोधित) सम्बन्धी विषयको लागि रोजगारमूलक सीप चार्ट

| क्र.सं. | काम र कर्तव्य | कार्य १ | कार्य २ | कार्य ३ | कार्य ४ | कार्य ५ | कार्य ६ | कार्य ७ | कार्य ८ |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सूचनाको हक सम्बन्धी जानकारी | परिचय/महत्व | | | | | | | |
| २. | बाँस | परिचय | महत्व | किसिम | रोप्ने तरिका | झ्याङ्गको सुरक्षा | काट्ने अवधि र तरिका | छनौट | |
| ३. | वेत | परिचय | महत्व | किसिम | रोप्ने तरिका | झ्याङको सुरक्षा | काट्ने अवधि र तरिका | छनौट | |
| ४. | सुरक्षा | व्यक्तिगत | कार्यशाला | ज्यावल तथा उपकरण | प्राथमिक उपचार | | | | |
| ५. | ज्यावलहरू | आधारभूत ज्यावलहरूको परिचय | नाप्ने ज्यावलहरू | काट्ने ज्यावलहरू | अन्य ज्यावलहरू | राख्ने/प्रयोग गर्ने तरिका | | | |

| क्र.सं. | काम र कर्तव्य | कार्य १ | कार्य २ | कार्य ३ | कार्य ४ | कार्य ५ | कार्य ६ | कार्य ७ | कार्य ८ |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | मौसमी | परिचय | मौसमी गर्नुपर्ने आवश्यकता | प्राकृतिक तरिका | कृत्रिम तरिका | भण्डार गर्ने तरिका | | | |
| ७. | कच्चा वस्तुहरूको भण्डारण | परिचय | महत्व | तरिका | | | | | |
| ८. | आधारभूत कार्य | नाप्ने र चिनो लगाउने | टुक्राउने र चिर्ने | ब्रोक्रा खुर्कने र प्वाल पार्ने | चोया काढ्ने र खिप्ने | सिन्का बनाउने र चिल्लो पार्ने | बिट वांध्ने र दोब्राउने | | |
| ९. | फ्रेम बनाउने | ब्लो ल्याम्पले तताएर | पानीमा भिजाएर | आगोमा सेकाएर | अन्य | | | | |
| १०. | जोर्नीहरू | परिचय | महत्व | किसिम | प्रयोग | | | | |
| ११. | नक्सा | परिचय | महत्व | प्रयोग | | | | | |

| क्र.सं. | काम र कर्तव्य | कार्य १ | कार्य २ | कार्य ३ | कार्य ४ | कार्य ५ | कार्य ६ | कार्य ७ | कार्य ८ |
|---|---|---|---|---|---|---|---|---|---|
| १२. | घरायसी सामानहरू | परिचय | महत्व | किसिम | प्रयोग | | | | |
| १३. | बुनाइ | परिचय | छनौट र महत्व | किसिम | बुन्ने तरिका | प्रयोग | बिट मार्ने | अन्य जोडाइ | |
| १४. | सजावटका सामानहरू | परिचय | महत्व | किसिम | निर्माण तरिका | प्रयोग | | | |
| १५. | आधुनिक फर्निचरका सामानहरू | परिचय | महत्व | किसिम | निर्माण तरिका | प्रयोग | | | |
| १६. | फिनिसिङ्ग | परिचय | महत्व | किसिम | तरिका | खाग्सी लगाउने | झुस पोल्ने | टाँस्ने | |
| १७. | पोलिसिङ्ग | परिचय | महत्व | किसिम | तरिका | प्रयोग | | | |
| १८. | इनामेलिङ्ग | परिचय | महत्व | तरिका | प्रयोग | | | | |
| १९. | सुकाउने | परिचय | महत्व | तरिका | | | | | |

| क्र.सं. | काम र कर्तव्य | कार्य १ | कार्य २ | कार्य ३ | कार्य ४ | कार्य ५ | कार्य ६ | कार्य ७ | कार्य ८ |
|---|---|---|---|---|---|---|---|---|---|
| २०. | सामान्य गणितीय ज्ञान र अनुमानित लागत तरिका | परिचय | महत्व | सामान्य गणितीय ज्ञान | लागत मूल्य | ह्रास मूल्य | ओभरहेड मूल्य | नाफा | मूल्य निर्धारण तरिका |
| २१ | तयारी सामानको भण्डारण | परिचय | महत्व | तरिका | | | | | |

| क.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| १. | सूचनाको हक सम्बन्धी जानकारी | १.१ परिचय/महत्व | १.१.१ सूचनाको हक सम्बन्धी ज्ञान । | १. सूचनाको हकको परिचय<br>२. महत्व |
| २. | बाँस | २.१ परिचय | २.१.१ बाँस सम्बन्धी ज्ञान । | १. विकास<br>२. विशेषता<br>३. प्रकृति |
| | | २.२ महत्व | २.२.१ बाँसको महत्व सम्बन्धी ज्ञान । | १. धार्मिक<br>२. सामाजिक<br>३. आयआर्जन |
| | | २.३ किसिम | २.३.१ बाँसको किसिम सम्बन्धी ज्ञान । | १. तामा<br>२. भालु<br>३. तारू<br>४. गोपी<br>५. निगालो<br>६. धनु<br>७. कट<br>८. माल<br>९. चोया<br>१०. मालिङ्गो<br>११. पहेंलो |
| | | २.४ रोप्ने तरिका | २.४.१ बाँस रोप्न सक्षम । | १. फुलेको बाँसबाट बिज संकलन गरी बेर्ना बनाएर रोप्ने<br>२. काटेर दुई वा तीन आँखा सम्मको जरा सहित सार्ने |

| क.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | २.५ झ्याङ्गको सुरक्षा | २.५.१ झ्याङ्गको सुरक्षा गर्न सक्षम । | १. समय समयमा आवश्यकताअनुसार गोडमेल गर्नुपर्छ<br>२. सुख्खा समयमा दुई दुइ हप्तामा जरा राम्ररी भिज्ने गरी पानी राख्ने<br>३. अनावश्यक हाङ्गाविङ्गाहरू काट्ने<br>४. तामा आउनुभन्दा एक महिना अघि जरालाई बलौटे माटोले राम्ररी पुर्नु पर्छ । |
| | | २.६ काट्ने अवधि र तरिका | २.६.१ काट्ने अवधि र तरिका सम्बन्धी ज्ञान । | १. भदौ असोजदेखि चैत्र वैशाखसम्म सुख्खा समयमा काट्नु पर्छ<br>२. काट्दा गाँठोको नजिकै दुई आँखा छाडी काट्नु पर्छ |
| | | २.७ छनौट | २.७.१ बाँसको छनौटमा सक्षम । | १. चोया काढ्न नौ महिनादेखि दुई वर्षसम्मको हुनुपर्छ ।<br>२. अन्य उपयोगका लागि दुई वर्षभन्दा वढीको हुनुपर्छ । |
| ३. | बेत | ३.१ परिचय | ३.१.१ बेत सम्बन्धी ज्ञान । | १. विकास<br>२. विशेषता<br>३. प्रकृति |
| | | ३.२ महत्व | ३.२.१ बेतको महत्व सम्बन्धी ज्ञान । | १. धार्मिक<br>२. रोजगार<br>३. आय आर्जन |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | ३.३ किसिम | ३.३.१ वेतको किसिम सम्बन्धी ज्ञान | १. गौरी<br>२. पानी<br>३. दुधे<br>४. पुतली |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | ५. रानी<br>६. राइटन वेत |
| | | ३.४ रोप्ने तरिका | ३.४.१ बेत रोप्न सक्षम । | १. सिमसारमा कुनै रूखको आडमा बेर्ना सार्ने ।<br>२. विरूवा वढ्दै जाँदा वेतलाई सहराको व्यवस्था गर्ने । |
| | | ३.५ झ्याङ्गको सुरक्षा | ३.५.१ झ्याङ्गको सुरक्षा गर्न सक्षम । | १. समय समयमा आवश्यकताअनुसार गोडमेल गर्ने । |
| | | ३.६ काट्ने अवधि र तरिका | ३.६.१ बेत काट्ने अवधि र तरिका सम्बन्धी ज्ञान । | १. सुख्खा याममा काट्ने<br>२. गाँठोको नजिकै पारेर काट्ने |
| | | ३.७ छनौट | ३.७.१ बेतको छनौट गर्न सक्षम । | १. कार्यको प्रकृति अनुसार सानो ठूलो वेत छनौट गर्नुपर्छ<br>२. फर्निचरका लागि मोटो वेत वढी उपयोगमा आउंछ । |
| ४. | सुरक्षा | ४.१ व्यक्तिगत | ४.१.१ व्यक्तिगत सुरक्षा सम्बन्धी ज्ञान | १. सहयोगात्मक व्यवहार प्रदर्शन गर्ने ।<br>२. एप्रोन लगाउने ।<br>३. कार्य गर्दा पूर्ण अनुशासित हुने ।<br>४. लगनशील एवं धैर्यतापूर्वक काम गर्ने बानी । |
| | | ४.२ कार्यशाला | ४.२.१ कार्यशाला सुरक्षा सम्बन्धी ज्ञान | १. पर्याप्त प्रकाश, स्वच्छ हावाको व्यवस्था |

| क.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | २. सुख्खा र सफा भूइँ |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | ३. औजारहरूलाई व्यवस्थित ढंगले राख्ने प्रबन्ध<br>४. अनावश्यक व्यक्तिलाई कार्यशालामा प्रवेश गर्न निषेध गर्ने । |
| | | ४.३ ज्यावल औजार तथा उपकरण | ४.३.१ ज्यावल, औजार तथा उपकरणहरूलाई सही ढङ्गले सञ्चालन गर्ने सम्बन्धी ज्ञान | १. रेसा विपरीत काट्ने करौंती<br>२. चुपी<br>३. खुर्पा<br>४. चक्कु (फलामको)<br>५. हाते घन<br>६. ब्लो ल्याम्प<br>७. हाते बर्मा<br>८. ह्याकस: (फलाम काट्ने करौंती)<br>९. पेन्चिस<br>१०. कैंची (फलामको)<br>११. रेती (धार लगाउने र फाइल गर्ने)<br>१२. जन्तर (एक नापको चोया काट्ने औजार)<br>१३. रूलर (Scale)<br>१४. सिसा कलम<br>१५. ब्रस<br>१६. वर्किङ्ग टेबुल<br>१७. भाइस (वाघ)<br>१८. सुइरो<br>१९. काठको बाघ<br>२०. विद्युतीय हाते करौंती<br>२१. विद्युतीय टेबुल करौंती |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | २२. विद्युतीय बाङ्गो टिङ्गा काट्ने करौंती<br>२३. विद्युतीय खरात<br>२४. काठको अचानो<br>२५. काठको मुंग्रो<br>२६. छिनो<br>२७. टेबुल ग्राइण्डर |
| | | ४.४ ज्यावल, औजार तथा उपकरणको सुरक्षा | ४.४.१ ज्यावल, औजार तथा उपकरणहरूको सुरक्षा सम्बन्धी ज्ञान | १. औजार बाकस बनाउने<br>२. प्रत्येक औजारलाई साइज अनुसार ठाउं छुट्टयाउने<br>३. प्रयोगपछि आवश्यकता अनुसार सफा गर्ने र तेल लगाई ठीक ठाउंमा भण्डारण गर्ने |
| | | ४.४ प्राथमिक उपचार | ४.४.१ कार्यशालामा काम गर्दा साधारण चोटपटक लागे प्राथमिक उपचार गर्न सक्षम | १. ज्यावल र औजारले काटी साधारण चोटपटक लाग्न सक्ने ।<br>२. डिटोलले सफा गरी औषधि लगाउने<br>३. नजिकको स्वास्थ्य केन्द्रमा सम्पर्क राख्ने । |
| ५. | ज्यावलहरू | ५.१ आधारभूत ज्यावलहरूको परिचय | ५.१.१ बाँस/वेतको सामग्री बनाउँदा आवश्यक पर्ने आधारभूत ज्यावलहरूको परिचय | १. विभिन्न किसिमका ज्यावलहरूको परिचय दिने |
| | | ५.२ नाप्ने ज्यावलहरू | ५.२.१ नाप्ने ज्यावलहरू सम्बन्धी ज्ञान | १. रूलर/इन्च टेप (३ मि.)<br>२. स्टिल टेप<br>३. सिसा कलम |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | ४. इरेजर |
| | | ५.३ काट्ने ज्यावलहरू | ५.३.१ काट्ने ज्यावलहरूको ठीक ठीक ढङ्गले प्रयोग गर्न सक्षम । | १. रेसा विपरीत काट्ने करौंती<br>२. ह्याक्स<br>३. बुट्टा काट्ने करौंती (कपिङ्गस)<br>४. बन्चरो<br>५. चुप्पी<br>६. खुर्पा<br>७. चक्कु (फलामको)<br>८. कैंची (फलामको)<br>९. जन्तर (एकै नापमा चोया काट्ने औजार) |
| | | ५.४ अन्य ज्यावलहरू | ५.४.१ अन्य ज्यावल तथा उपकरणहरूको सही प्रयोग गर्न सक्षम । | १. ब्लो ल्याम्प<br>२. हाते वा दांते घन<br>३. हाते वर्मा अथवा ड्रिलमेसिन<br>४. पेन्चिस<br>५. रेती<br>६. ब्रस<br>७. उद्याउने ढुङ्गो<br>८. वर्किङ्ग टेबुल<br>९. बाघ<br>१०. सुइरो<br>११. काठको बाघ<br>१२. रामो<br>१३. विद्युतीय टेबुल करौंती<br>१४. विद्युतीय हाते करौंती<br>१५. विद्युतीय बाङ्गो टिङ्गो काट्ने करौंती |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | १६. विद्युतीय खरात<br>१७. काठको अचानो<br>१८. काठको मुङ्ग्रो<br>१९. छिनो (विभिन्न साइजको) |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | २०. टेबुल ग्राइन्डर<br>२१. फाइल रेती<br>२२. ड्रिल मेसिन<br>२३. भाइस (वाघ) (सानो) |
| | | ५.५ प्रयोग | ५.५.१ बनाउने बस्तुको प्रकृतिअनुसार ज्यावलको प्रयोग गर्न सक्षम । | १. सि.नं.५ मा उल्लेख भएका विभिन्न प्रकृतिका ज्यावलहरूको उचित प्रयोग गर्ने । |
| ६. | मौसमी | ६.१ परिचय | ६.१.१ बाँसलाई मौसमी गर्नुपर्ने आवश्यकता सम्बन्धी ज्ञान । | १. रेसाबाट तरल पदार्थ हटाउन ।<br>२. किराबाट जोगाउन ।<br>३. बाङ्गिने त्रिपट हुने अवस्थाबाट जोगाउन । |
| | | ६.२ महत्व | ६.२.१ बाँस/वेतलाई मौसमी गर्दा हुने फाइदा सम्बन्धी ज्ञान । | १. उच्च गुणको हुने<br>२. चम्किलो बन्ने<br>३. बढी टिकाउ हुने |
| | | ६.३ प्राकृतिक तरिका | ६.३.१ बाँस/वेतलाई प्राकृतिक तरिकाबाट मौसमी गर्न सक्षम । | १. धुँवा लगाउने<br>२. हिलोमा गाढ्ने<br>३. हावामा सुकाउने<br>४. सिङ्गो बाँस बग्ने पानीमा दुई महिनासम्म गाढ्ने |
| | | ६.४ कृत्रिम तरिका | ६.४.१ बाँस/वेतलाई कृत्रिम तरिकाबाट मौसमी गर्न सक्षम । | १. ड्रममा आवश्यकतानुसार पानी राखी त्यसमा कास्टिक सोडा, काठको धूलो, नून, फिटकिरी मिसाएर |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | १००°C को तापक्रममा ३ घण्टासम्म उमाल्ने ।<br>२. विद्युतीय भट्टामा १००°C को तापमानमा आधा घण्टा राख्ने । |
| | | ६.५ भण्डारण । | ६.५.१ मौसमी गरिएको बाँस/वेतलाई ठीक तरिकाले भण्डार गर्न सक्षम | १. खुल्ला भण्डार कोठामा राख्ने ।<br>२. समय समयमा रेखदेख/पल्टाउने<br>३. आवश्यकताअनुसार किटनाषक औषधि छर्ने । |
| ७. | कच्चा वस्तुहरूको भण्डारण | ७.१ परिचय | ७.१.१ कच्चा वस्तुहरू सही ढङ्गले भण्डारण गर्न सक्षम । | १. भण्डार कोठाको व्यवस्था ।<br>२. टुटफुट नहुने गरी राख्ने व्यवस्था ।<br>३. समय समयमा किटनाषक औषधी छर्कने । |
| | | ७.२ महत्व | ७.२.१ कच्चा वस्तुहरूको भण्डारणको महत्व सम्बन्धी ज्ञान | १. घाम पानीबाट उचित संरक्षण ।<br>२. कच्चा वस्तुहरू आवश्यकताअनुसार उपलब्ध हुन सक्ने व्यवस्था ।<br>३. आवश्यकताअनुसार चाहिएको परिमाणमा उपयोग गर्न सकिने व्यवस्था । |
| | | ७.३ तरिका | ७.३.१ भण्डारणका विभिन्न तरिका सम्बन्धी ज्ञान | १. वस्तुको प्रकृतिअनुसार भिन्नाभिन्नै राख्ने ।<br>२. आकारको आधारमा छुट्ट्याएर राख्ने।<br>३. चिसो र घामपानीबाट बच्ने गरी राख्ने ।<br>४. राम्ररी हावा छिर्ने गरी राख्ने प्रवन्ध |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| ८. | आधारभूत कार्य | ८.१ नाप्ने र चिनो लगाउने | ८.१.१ बाँस/वेतलाई आवश्यकताअनुसार नाप्न र चिनो लगाउन सक्षम | १. आवश्यकता अनुसार नाप्ने ।<br>२. नापअनुसार चिनो लगाउने । |
| | | ८.२ टुक्र्याउने र चिर्ने | ८.२.१ बाँस/वेतलाई आवश्यकता अनुसार टुक्र्याउन र चिर्न सक्षम । | १. रेसा विपरीत काट्ने करौंतीले टुक्र्याउने ।<br>२. खुर्पा वा चुपीले चिर्ने । |
| | | ८.३ बोक्रा खुर्कने र प्वाल पार्ने | ८.३.१ बाँस/वेतमा आवश्यकता अनुसार बोक्रा खुर्कन र प्वाल पार्न सक्षम । | १. बाँस/बेतलाई खुर्पा वा चक्कुले खुर्कने ।<br>२. हाते बर्मा वा ड्रिल मेसिनले प्वाल पार्ने । |
| | | ८.४ चोया काढ्ने र खिप्ने | ८.४.१ बाँस/वेतका चोया काढ्न एवं खिप्न सक्षम । | १. बाँस/बेतलाई चक्कु वा खुर्पाले गिद्रो वा भित्री भाग फाली चोया काढ्ने<br>२. चोया राम्रा, एकनासका बनाउन र झुस फ्याक्न चोयालाई राम्ररी खिप्ने |
| | | ८.५ सिन्का बनाउने र चिल्लो पार्ने | ८.५.१ बाँसका सिन्का बनाउन र तिनलाई चिल्लो बनाउन सक्षम | १. बाँसलाई खुर्पाको मद्दतले साना साना कप्टेराको रूपमा चिर्ने ।<br>२. कप्टेरालाई गोलाकार रूपमा चिल्लो बनाउने । |
| | | ८.६ बिट बाँध्ने र दोब्र्याउने | ८.६.१ बाँस/बेतबाट बनेका वस्तुलाई आवश्यकताअनुसार बिट बाँध्न र दोब्र्याउन सक्षम | १. सानो बेत/बाँसका चोयालाई जोर्ने र किनारामा बाँध्ने ।<br>२. बुनाइमा चोया नफुस्कोस् र बिट बलियो होस् भन्नाका लागि बुनिएका चोयालाई सतहमा दोब्र्याउने । |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | ३. फ्रेम बनाई बिट मार्ने |
| ९. | फ्रेम बनाउने | ९.१ परिचय | ९.१.१ फ्रेम बनाउने कार्य सम्बन्धी ज्ञान । | १. विभिन्न आकृति निकाल्न ।<br>२. बलियो बनाउन ।<br>३. आकर्षक बनाउन । |
| | | ९.२ ब्लो ल्याम्पले तताएर | ९.२.१ बाँस/वेतलाई ब्लो ल्याम्पले तताई विभिन्न आकृतिका फ्रेम बनाउन सक्षम । | १. ब्लो ल्याम्पले कार्यवस्तु बनाउने बाँस वा वेतलाई आवश्यकतानुसार तताउने । |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | २. निश्चित आकारमा बङ्ग्याउने ।<br>३. पोलिएको ठाउंमा चक्कुले खुर्केर सफा गर्ने । |
| | | ९.३ पानीमा भिजाएर | ९.३.१ फ्रेम बनाउन बाँस/वेतलाई आवश्यकताअनुसार भिजाई लुलो बनाएर फ्रेम निर्माण गर्न सक्षम | १. बाँसलाई चिरेर गिद्रो फ्याक्ने ।<br>२. बाँस र वेतलाई आवश्यकताअनुसार टुक्राउने ।<br>३. बाँस/वेतलाई पानीमा भिजाउने ।<br>४. केही नरम भएपछि चाहेको आकृतिमा बङ्गाउने । |
| | | ९.४ अन्य | ९.४.१ फ्रेम बनाउन अन्य उपायको प्रयोग गर्न सक्षम । | १. बाँस/वेतलाई आवश्यकताअनुसार टुक्राउने ।<br>२. आगोको राप र हिटरको तातो लगाई बाँस/वेतलाई नरम बनाएर बङ्गाउने । |
| १०. | जोर्नीहरू | १०.१ परिचय | १०.१.१ जोर्नी सम्बन्धी ज्ञान । | १. आवश्यकता<br>२. विशेषता |
| | | १०.२ महत्व | १०.२.१ जोर्नीहरूको महत्व सम्बन्धी ज्ञान । | १. विभिन्न आकृति बन्ने<br>२. बलियो हुने |
| | | १०.३ किसिम | १०.३.१ जोर्नीहरूको किसिम सम्बन्धी ज्ञान । | १. ल्याप जोर्नी<br>२. क्रस ल्याप जोर्नी |
| | | १०.४ प्रयोग | १०.४.१ कार्यवस्तुको प्रकृतिअनुसार | १. ल्याप जोर्नी |

| क.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | आवश्यक जोर्नीहरूको प्रयोग गर्न सक्षम । | वर्गाकार – कुर्सी टेबुल<br>गोलाकार – कुर्सी टेबुल<br>अण्डाकार – कुर्सी टेबुल |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | २. क्रसल्याप जोर्नी<br>कुर्सी, टेबुल, स्टुल, सोफा |
| ११. | नक्सा | ११.१ परिचय | ११.१.१ बाँस/वेतको कार्यमा आवश्यक पर्ने नक्सा सम्बन्धी ज्ञान । | १. आफैंले डिजाइन निकालेर नक्सा बनाउने ।<br>२. दोश्रो व्यक्तिको डिजाइनलाई नक्सामा उतार्ने । |
| | | ११.२ महत्व | ११.२.१ बाँस/वेतबाट निर्माण गरिने वस्तुहरू तयार पार्दा नक्साको महत्व सम्बन्धी ज्ञान । | १. उपभोक्ताको डिजाइनअनुसार तयार पार्न सकिने ।<br>२. आकर्षक बाँस/वेतका वस्तु तयार पार्नु |
| | | ११.३ प्रयोग | ११.३.१ विभिन्न बाँस/वेतका सामान निर्माण गर्नु अगाडि नक्सा निर्माण र त्यसको सही प्रयोग गर्न सक्षम । | १. आवश्यकताअनुसार सही नक्सा प्रयोग गर्ने । |
| १२. | घरायसी सामानहरू | १२.१ परिचय | १२.१.१ घरायसी सामान तयार पार्ने सम्बन्धी ज्ञान । | १. आवश्यकताअनुसार विभिन्न बाँस/वेतका सामानहरू । |
| | | १२.२ किसिम | १२.२.१ विभिन्न किसिमका घरायसी र सजावटका सामान सम्बन्धी ज्ञान । | १. डोको ११. लुकिङ्ग ग्लास<br>२. नाङ्लो १२. नेपाली घर<br>३. भकारी १३. फोटो फ्रेम<br>४. मान्द्रो १४. मन्दिर<br>५. थुन्से १५. सर्भिस ट्रे<br>६. घुम १६. टेबुल ल्याम्प<br>७. छत्री १७. डालो |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण | |
|---|---|---|---|---|---|
| | | | | ८. पङ्खा<br>९. फाइल र्‍याक<br>१०. चुरी स्ट्याण्ड | १८. पेन स्टैण्ड<br>१९. टि कोस्टर<br>आदि |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | १२.३ महत्व | १२.३.१ घरायसी सामानहरूको महत्व सम्बन्धी ज्ञान । | १. काम गर्न सजिलो हुने ।<br>२. घरको शोभा वढ्ने ।<br>३. प्रयोग गर्ने |
| | | १२.४ तरिका | १२.४.१ घरायसी र सजावट सम्बन्धी कामको उपयोगमा आउने प्रमुख बाँस/वेतका सामान सही तरिकाले तयार पार्न सक्षम | १. डोको<br>२. डालो<br>३. नाङ्लो<br>४. भकारी<br>५. थुन्से<br>६. ब्रस स्ट्याण्ड<br>७. मन्दिर<br>८. टेबुल ल्याम्प<br>९. भित्ते घडी डायल |
| | | १२.५ प्रयोग | १२.५.१ विभिन्न प्रयोजनका निम्ति निर्मित बाँस/वेतका सामानको सही प्रयोग गर्न सक्षम । | १. डोको– घाँस, दाउरा, पानी, मल आदि बोक्न<br>२. डालो– दाल, चामल आदि राख्न र बोक्न<br>३. नाङ्लो– निफन्न, सजावटका निम्ति कुनै कला बनाउन<br>४. भकारी– अन्न थन्क्याउन<br>५. थुन्से– अन्न राख्न र बोक्न<br>६. ब्रस स्टैण्ड – टुथ ब्रस/पेन आदि राख्न<br>७. मन्दिर– कोठा र वैठक सजाउन<br>८. टेबुल ल्याम्प– कोठामा आकर्षक प्रकाश मिलाउने |

| क.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | ९. भित्ते घडी डायल – भित्ते घडीमा प्रयोग गर्ने |
| १३. | बुनाइ | १३.१ परिचय | १३.१.१ विभिन्न ढांचाका बुनाइ सम्बन्धी ज्ञान । | १. आकर्षण बढाउने<br>२. बलियो |
| | | १३.२ छनौट र महत्व | १३.२.१ कार्यवस्तुको आवश्यकताअनुसार बुनाइको छनौट गर्न सक्षम र बुनाइको महत्व सम्बन्धी ज्ञान । | १. कार्यवस्तुअनुसार बुनाइको छनौट गर्ने |
| | | १३.३ किसिम | १३.३.१ विभिन्न तरिकाका बुनाइ गर्न सक्षम । | १. एक तल एक माथि (खुकुलो र कसिएको)<br>२. दुई तल दुई माथि (मान्द्रो मेसो)<br>३. तीनतल तीनमाथि<br>४. बाङ्गो टिङ्गो आकारको<br>५. “एक्स” र “भी” आकारको<br>६. ईंटा आकारको<br>७. वर्गाकारको |
| | | १३.४ बुन्ने तरिका | १३.४.१ विभिन्न आकृतिका बुनाइ गर्न सक्षम । | १. ताना र बानाको सही ढंङ्गले सञ्चालन<br>२. गालाको ताना राख्ने |
| | | १३.५ प्रयोग | १३.५.१ कार्यवस्तुको प्रकृतिअनुसार सही किसिमको बुनाई उपयोग गर्न सक्षम । | १. एकतल एकमाथि<br>क. भकारी<br>ख. वास्केट<br>ग. चित्रो<br>घ. वत्ती ढकनी |

| क.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | २. दुईतल दुईमाथि<br>क. नाङ्लो<br>ख. डालो<br>ग. मान्द्रो<br>घ. कुर्सी टेबुल<br>३. तीनतल तीनमाथि<br>क. कुर्सी टेबुल<br>ख. स्टुल<br>ग. सोफा<br>४. 'एक्स' र 'भी' आकार<br>क. डालो<br>ख. पङ्खा<br>५. ईंटा आकार<br>क. स्टुल<br>ख. टेबुल<br>६. वर्गाकार<br>क. पङ्खा<br>ख. कुर्सी, टेबुल<br>ग. स्टुल |
| | | १३.६ बिट मार्ने | १३.६.१ बाँस/वेतका तयारी वस्तुमा सही ढङ्गले बिट मार्न सक्षम । | १. बुनेको सतह फुस्कन नदिन ।<br>२. बलियो बनाउन ।<br>३. आकर्षक वा मनमोहक बनाउन । |
| | | १३.७ अन्य जोडाई | १३.७.१ बुनेको सतह फुस्कन नदिन जोडाइका अन्य उपाय अपनाउन सक्षम । | १. चोया दोब्र्याएर सतहको बचाउ गर्ने<br>२. काँटी ठोकेर वा सरस (मोविकल)ले टांसेर चोया फुस्कन नदिने । |
| १४. | सजावटका सामानहरू | १४.१ परिचय | १४.१.१ सामान्य सजावटका सामान | |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | सम्बन्धी ज्ञान । | |
| | | १४.२ महत्व | १४.२.१ विभिन्न सजावटका सामानको महत्व सम्बन्धी ज्ञान । | १. आकर्षक<br>२. निर्यातयोग्य<br>३. विदेशी मुद्रा आर्जनको श्रोत<br>४. रोजगारीमा वृद्धि |
| | | १४.३ किसिम | १४.३.१ विभिन्न किसिमका सजावटका सामानहरू सम्बन्धी ज्ञान । | १. फोटो फ्रेम<br>२. एष्ट्रे (खरानीदानी)<br>३. गमला स्ट्याण्ड<br>४. म्यागेजिन बास्केट<br>५. फुलदानी<br>६. खुत्रुके<br>७. बत्ती ढकनी<br>८. पर्दा |
| | | १४.४ निर्माण तरिका | १४.४.१ विभिन्न किसिमका सजावटका सामानहरू निर्माण गर्न सक्षम | १. निर्देशानुसार<br>२. दिइएको चित्र अनुसार<br>३. ग्राहकको माग अनुसार |
| | | १४.५ प्रयोग | १४.५.१ सजावटका विभिन्न सामानहरूलाई उचित किसिमले प्रयोग गर्न सक्षम । | १. कोठामा<br>२. बगैंचामा<br>३. भान्सामा |
| १५. | आधुनिक फर्निचरका सामानहरू | १५.१ परिचय | १५.१.१ आधुनिक फर्निचरका सामान सम्बन्धी ज्ञान । | १. मुढा/स्टूल<br>२. टेबुल<br>३. साधारण दराज<br>४. कुर्सी |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | ५. सोफा सेट |
| | | १५.२ महत्व | १५.२.१ बाँस/वेतबाट बुन्ने आधुनिक फर्निचर सम्बन्धी महत्वको ज्ञान | १. आकर्षक<br>२. बलियो<br>३. मर्मत गर्न सजिलो |
| | | १५.३ किसिम | १५.३.१ बाँस/वेतबाट बन्ने विभिन्न किसिमका फर्निचर सम्बन्धी ज्ञान । | १. स्टुल<br>२. टेबुल<br>३. कुर्सी<br>४. किताव राख्ने ऱ्याक |
| | | १५.४ निर्माण तरिका | १५.४.१ बाँस/वेतका विभिन्न खाले फर्निचर बनाउन सक्षम । | १. निर्देशानुसार<br>२. दिइएको चित्रअनुसार<br>३. ग्राहकको मागअनुसार |
| | | १५.५ प्रयोग | १५.५.१ आधुनिक फर्निचर सही ढङ्गले प्रयोग गर्न सक्षम । | १. कोठाको आकर्षण वढाउन ।<br>२. आरमदायी बनाउन ।<br>३. पाहुनाको सत्कारमा अझ बल पुग्ने<br>४. प्रयोग गर्न |
| १६. | फिनिसिङ्ग | १६.१ परिचय | १६.१.१ बाँस/वेतबाट बनेका सामानको फिनिसिङ्ग सम्बन्धी ज्ञान । | १. बाँस/वेतका सामानमा फुटेचर्केका ठाउँमा पुडिङ्ग राख्ने ।<br>२. ८०, १०० र १२० नं. को खाग्सी लगाउने<br>३. १" को नरम ब्रुसले धूलो सफा गर्ने |
| | | १६.२ महत्व | १६.२.१ निर्माण गरिएका वस्तुको | १. सुन्दर र आकर्षक |

| क.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | फिनिसिङ्ग गर्नाको महत्व सम्बन्धी ज्ञान । | २. हानि नोक्सानीबाट बचावट<br>३. विग्रन नदिन<br>४. सफा देखाउन<br>५. टिकाउ बनाउन |
| | | १६.३ किसिम | १६.३.१ तयारी सामानलाई फिनिसिङ्ग गर्न सक्षम । | १. खुर्कने<br>२. किला दबाउने |
| | | १६.४ तरिका | १६.४.१ निर्माण गरिएका सामानको फिनिसिङ्ग गर्दा विभिन्न तरिका अपनाउन सक्षम । | १. बेतले बनेका कार्यवस्तुलाई स्टिलको भांडा माझ्ने जाली प्रयोग गरी सर्फ लगाई सफा गर्ने |
| | | १६.५ खाग्सी लगाउने | १६.५.१ तयारी वस्तुमा उचित तरिकाले खाग्सी लगाउन सक्षम । | १. ६० नं.को खाग्सी पहिलोपटक लगाउने ।<br>२. क्रमश: मसिनो बनाउँदै लग्न १२० नं. सम्मको खाग्सी लगाउने<br>३. खाग्सी लगाउँदा रेसा अनुकूल र रेसा विपरीत दुवै तरिकाले लगाउने |
| | | १६.६ झुस पोल्ने | १६.६.१ तयारी वस्तुमा देखिने अनावश्यक झुस उचित तरिकाले पोली हटाउन सक्षम । | १. ब्लो ल्याम्पको प्रयोग<br>२. ब्रस वा कपडाले सफा गरी पुछ्ने |
| | | १६.७ टांस्ने | १६.७.१ तयारी वस्तुलाई उचित तरिकाले टाँस्न सक्षम । | १. सरसको प्रयोग<br>२. पोलिकलको प्रयोग (मोविकल) |
| १७. | पोलिसिङ्ग | १७.१ परिचय | १७.१.१ तयारी वस्तुहरूलाई पोलिसिङ्ग गर्नुपर्ने सम्बन्धी ज्ञान । | १. सुन्दर र आकर्षक<br>२. घामपानीबाट बचावट |

| क.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | ३. प्राकृतिक रङ्गलाई इच्छानुसार बदल्न सकिने । |
| | | १७.२ महत्व | १७.२.१ कार्यवस्तुलाई पोलिसिङ्ग गर्नाको महत्व सम्बन्धी ज्ञान । | १. टिकाउ बनाउन<br>२. सुन्दर र आकर्षक देखाउन |
| | | १७.३ किसिम | १७.३.१ पोलिसिङ्गका विभिन्न किसिम सम्बन्धी ज्ञान । | १. ब्रसले लगाउने<br>२. कपडाले लगाउने |
| | | १७.४ तरिका | १७.४.१ कार्यवस्तुलाई विभिन्न तरिकाले पोलिसिङ्ग गर्न सक्षम । | १. चपरा तथा स्प्रिटबाट पोलिस तयार पार्ने ।<br>२. पोलिस दुई वा तीन कोटसम्म लगाउने ।<br>३. वार्नेस लगाउने |
| | | १७.५ प्रयोग | १७.५.१ आवश्यकता अनुसार कार्यवस्तुमा पोलिस लगाउन सक्षम । | १. कार्यवस्तुको प्रकृतिअनुसार विभिन्न खाले पोलिस प्रयोग गर्ने । |
| १८. | इनामेलिङ्ग | १८.१ परिचय | १८.१.१ इनामेलिङ्ग सम्बन्धी ज्ञान । | १. आकर्षक र टल्कने<br>२. कार्यवस्तुलाई घाम पानीबाट बचावट हुने । |
| | | १८.२ महत्व | १८.२.१ इनामेलिङ्गको महत्व सम्बन्धी ज्ञान । | १. ग्राहकको इच्छा पुरा हुने ।<br>२. प्राकृतिक रङ्गलाई फेर्न सकिने । |
| | | १८.३ तरिका | १८.३.१ तयारी वस्तुलाई सही तरिकाले इनामेलिङ्ग गर्न सक्षम । | १. इनामेल प्रयोग गर्नुअगाडि बट्टाको इनामेल राम्ररी घोल्ने । |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | १८.४ प्रयोग | १८.४.१ तयारी वस्तुमा उचित तरिकाले इनामेलको प्रयोग गर्न सक्षम । | १. ब्रसको सहायताले लगाउने ।<br>२. स्प्रे गर्ने । |
| १९. | सुकाउने | १९.१ परिचय | १९.१.१ इनामेल र पोलिस गरेका सामानलाई सुकाउनु पर्ने सम्बन्धी ज्ञान | १. सफा देखाउन ।<br>२. धूलो टाँसिनबाट जोगाउन ।<br>३. रङ्ग स्थायी रूपले बसाउन । |
| | | १९.२ महत्व | १९.२.१ तयारी वस्तुलाई राम्ररी सुकाउँदा हुने महत्व सम्बन्धी ज्ञान । | १. रङ्ग यथास्थितिमा राख्न । |
| | | १९.३ तरिका | १९.३.१ इनामेल र पोलिस गरेका वस्तुलाई राम्ररी सुकाउन सक्षम | १. इनामेल लगाएको सामानलाई घाममा सुकाउने ।<br>२. पोलिस लगाएको सामानलाई छहारीमा सुकाउने । |
| २०. | सामान्य गणितीय ज्ञान र अनुमानित लागत तरिका (Basic Mathematical Knowledge and Costing) | २०.१ परिचय | २०.१.१ बाँस/बेत कार्यका निम्ति आवश्यक सामान्य गणितीय ज्ञानका साथै अनुमानित लागत सम्बन्धी ज्ञान | १. लागत मूल्य<br>२. ह्रास मूल्य<br>३. ओभरहेड मूल्य |
| | | २०.२ महत्व | २०.२.१ बाँस/वेतका सामान बनाउँदा गणितीय ज्ञानले पुऱ्याउने सहयोग र निर्मित सामानको सही मूल्य निकाल्न पुग्ने मद्दतको महत्व सम्बन्धी ज्ञान । | १. सही मूल्य निर्धारण गर्न आत्मविश्वास बढ्ने |
| | | २०.३ सामान्य गणितीय ज्ञान | २०.३.१ बाँस/वेतमा प्रयोग गरिने साधारण हिसाब सम्बन्धी ज्ञान | १. जोड<br>२. घटाउ |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | ३. गुणा<br>४. भाग<br>५. घनफिट<br>६. वर्गफिट |
| | | २०.४ लागत मूल्य | २०.४.१ बाँस/वेत कार्यगर्दा लाग्ने सम्पूर्ण खर्चको हिसाव समावेश गरी तयारी वस्तुको मूल्य निर्धारण गर्न सक्षम । | १. प्रत्यक्ष लागत<br>२. अप्रत्यक्ष लागत<br>३. प्रत्यक्ष श्रम लागत<br>४. अप्रत्यक्ष श्रम लागत<br>५. ओभरहेड मूल्य<br>६. एक्जीलरी लागत |
| | | २०.५ ह्रास मूल्य | २०.५.१ बाँस/वेत कार्यमा प्रयोग गरिएका ज्यावल, उपकरण तथा सामानहरूको सही ढङ्गले ह्रास मूल्य निकाल्न सक्षम । | १. प्रयोग भएका सम्पूर्ण ज्यावल तथा उपकरणहरू । |
| | | २०.६ ओभरहेड मूल्य | २०.६.१ बाँस/वेतको कामगर्दा लाग्ने ओभरहेड मूल्यको हिसाव निकाल्न सक्षम । | १. भवन<br>२. कर्मचारी<br>३. विजुली<br>४. पानी<br>५. सञ्चार<br>६. पारबहन<br>७. व्याज<br>८. विविध<br>९. कर |
| | | २०.७ मूल्य निर्धारण | २०.७.१ बाँस/वेत कार्यबाट उत्पादन | १. कच्चा पदार्थको मूल्य |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | तरिका | हुने विभिन्न किसिमका सामानहरूको उचित तरिकाले मूल्य निर्धारण गर्न सक्षम । | २. ह्रास मूल्य<br>३. विभिन्न किसिमले हुने लागत मूल्य |
| | | २०.८ नाफा | २०.८.१ बाँस/वेत कार्य गर्दा लागेको सम्पूर्ण खर्चमा औचित्यको आधारमा नाफा प्रतिशत जोडी तयारी वस्तुको अन्तिम मूल्य निर्धारण गर्न सक्षम । | १. लागत मूल्य<br>२. ह्रास मूल्य<br>३. ओभरहेड मूल्य<br>४. नाफा<br>५. (१+२+३)+१०% अन्तिम मूल्य |
| २१. | तयारी सामानको भण्डारण | २१.१ परिचय | २१.१.१ बाँस/वेत कार्यबाट तयार भएका सामानहरूको उचित तरिकाले भण्डारण गर्ने सम्बन्धी ज्ञान । | १. आवश्यकताअनुसार बाँस/वेतका सामानहरू भण्डारण गर्नुपर्ने । |
| | | २१.२ महत्व | २१.२.१ सामानको भण्डारण गर्नाको महत्व सम्बन्धी ज्ञान | १. सामान सुरक्षित हुने ।<br>२. वंधाइ नफुस्कने । |
| | | २१.३ तरिका | २१.३.१ बाँस/वेतबाट तयार गरिएका विभिन्न खाले सामानहरू सही तरिकाले भण्डारण गर्न सक्षम । | १. भण्डारण गर्ने उचित ठाउँ<br>२. सामानहरू एकअर्कालाई असर नपर्ने गरी राख्ने ।<br>३. सामानको प्रकृतिअनुसार छुट्टाछुट्टै रूपमा भण्डारण गर्ने ।<br>४. भण्डारण गरिएका सामानहरूमा कुनै हानीनोक्सानी वा बिग्रने स्थिति छ कि आवश्यक रेखदेख पुऱ्याउने ।<br>५. तयारी कार्यवस्तुको प्रकृति अनुसार प्याकिङ्ग गर्ने |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | ६. समय समयमा आवश्यकता अनुसार किटनाशक औषधी छर्ने |

**द्रष्टव्य :** सामग्रीको उपलब्धता अनुसार बेत पाइने ठाउँमा बेत र बाँस पाइने ठाउँमा बाँस प्रयोग गरी कार्यवस्तु निर्माण केन्द्रित गराई तालिम सञ्चालन गर्दा विशेष जोड दिने । तालीम कार्यक्रममा लैङ्गिक सचेतनना सम्बन्धी सूचनाहरू समेत उपलब्ध गराउनु पर्ने ।

# मेशिन, औजार तथा सरसामानहरूको मापदण्ड (नर्म्स)
(Norms of Machines, Tools & Materials)

प्रशिक्षार्थी संख्या : २०

| क्र.सं. | विवरण | साइज | परीमाण | इकाई | कैफियत |
|---|---|---|---|---|---|
| १. | कार्यशाला | २०'×३०' | १ | वटा | |
| २. | स्टोर | १०'×१५' | १ | वटा | |
| ३. | दराज | ५'×३' | १ | वटा | |
| ४. | कुर्सी | | २१ | वटा | |
| ५. | वर्किङ्ग टेबुल | ६'×४' | ४ | वटा | |
| ६. | काम गर्ने बोर्ड | ३'×४' | २० | वटा | |
| ७. | व्हाईट बोर्ड | ३'×४' | १ | वटा | |
| | ज्यावलहरू | | | | |
| १. | बन्चरो | | ४ | थान | |
| २. | चुपी | | १० | थान | |
| ३. | खुर्पा | | २० | थान | |
| ४. | हाते घन (ह्याम्मर) | | २० | थान | |
| ५. | रेसा विपरित काट्ने करौंती | | २० | थान | |
| ६. | टेप | ३ मी. | २० | थान | |
| ७. | ब्लो ल्याम्प | | ५ | थान | |
| ८. | कैंची (चोया काट्ने) | | ३ | थान | |
| ९. | पेन्चिस | सानो | २० | थान | |
| १०. | रेती | | ४ | थान | |
| ११. | वाघ (Vice) फलामको | सानो | १० | थान | |
| १२. | ब्रस | १, २ इन्च | १०/१० | थान | |
| १३. | सुइरो | | २० | थान | |
| १४. | चक्कु (फलामको) | | २० | थान | |
| १५. | रामो | १, १$^{1}/_{2}$ इन्च | १०/१० | थान | |
| १६. | विद्युतीय टेबुल करौंती | | १ | थान | |
| १७. | विद्युतीय हाते करौंती | | १ | थान | |
| १८. | विद्युतीय बाङ्गोटिङ्गो काट्ने करौंती | | १ | थान | |
| १९. | विद्युतीय खरात | | १ | थान | |
| २०. | काठको अचानो | | २० | थान | |
| २१. | काठको मुङ्ग्रो | विभिन्न साइज | २० | थान | |
| २२. | छिनो | विभिन्न साइज | २० | थान | |
| २३. | टेबुल ग्राइन्डर | | १ | थान | |
| २४. | फाइल रेती (हाफ राउण्ड) | | १० | थान | |
| २५. | फाइल रेती (फ्ल्याट) | | १० | थान | |
| २६. | ड्रिल मेसिन | | २ | थान | |
| २७. | भाइस | सानो | ५ | थान | |
| २८. | हेक्सो फ्रेम | | १० | थान | |
| २९. | हेक्सो ब्लेड | | १० | दर्जन | |
| ३०. | प्लाष्टिक ह्याम्मर | | १० | थान | |
| ३१. | मार्तोल | सानो | १० | थान | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२. | ड्रिल विट | | २ | सेट | |
| | आवश्यक सरसामानहरू | | | | |
| १. | बाँस | | २५ | घना | |
| २. | वेत | ठूलो | १ | मुठा | |
| ३. | वेत | सानो | २ | मुठा | |
| ४. | किला | १", १.५", २" | २ | कि.ग्रा. | |
| ५. | टाउको नभएको किला | ३/४", १", १.५" | ४ | प्याकेट | |
| ६. | मोविकल | | १० | कि.ग्रा. | |
| ७. | खाग्सी | ६०, ८०, १००नं. | ५ | दर्जन | |
| ८. | रोल खाग्सी | | १० | मि. | |
| ९. | चपरा | | ३ | कि.ग्रा. | |
| १०. | स्प्रिट | | १५ | लि. | |
| ११. | चक पाउडर | | २ | प्याकेट | |
| १२. | प्राइमर | | २ | लि. | |
| १३. | इनामेल | | १ | लि. | |
| १४. | मट्टितेल | | २० | लि. | |
| १५. | वार्नेस | | ५ | लि. | |
| १६. | तारपिन तेल | | ५ | लि. | |
| १७. | ड्रईङ्ग पेपर | ३०"×२०" | २० | सिट | |
| १८. | सिसाकलम | | ४० | वटा | |
| १९. | इरेजर | | २० | वटा | |
| २०. | नोट कापी | सामान्य | २० | वटा | |
| २१. | रूलर | १ फिटे | २० | वटा | |
| २२. | पेपर कटर | | २० | वटा | |
| २३. | चिम्टी | | १० | दर्जन | |
| २४. | सुतीको कपडा | | ५ | मिटर | |
| २५. | पन्जा | | २१ | जोर | |
| २६. | प्राथमिक उपचार वाकस | | १ | सेट | |

## कर्मचारी

१. प्रशिक्षक १ जना
२. सहायक प्रशिक्षक १ जना
३. कार्यालय सहयोगी १ जना

## अन्य (आवश्यकता अनुसार)

१. सामान ढुवानी (ट्रान्स्पोर्टेशन)
२. ह्याण्ड्स आउट, म्यानुअल, पुस्तक, पत्रिका, उद्घाटन समापन, सर्टिफिकेट, जलपान, अतिथी सत्कार आदि

# सहयोगी पुस्तकहरू

१. वि.सं. २०२८ को पाठ्क्रमअनुसार कक्षा ९ र १० को वेत बाँसको पाठ्यपुस्तक

२. वि.सं. २०३८ को परिमार्जित पाठ्यक्रमअनुसार कक्षा ९ र १० को औद्योगिक शिक्षाको तेश्रो भाग – वेत र बाँसको काम

३. वि.सं. २०५५ को पाठ्यक्रमअनुसार कक्षा ९ र १० को वेत बाँसको पाठ्यपुस्तक

४. वि.सं. २०६४ को पाठ्यक्रमअनुसार कक्षा ९ र १० को वेत बाँसको पाठ्यपुस्तक

५. प्रशिक्षक प्रशिक्षण पुस्तिका “वेत बाँसको काम”
– महिला शिक्षा तेश्रो तहका सहभागीहरूका लागि